REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 21.09.2025

## 1.PM Address – NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, अर्को पुस्ताको GST सुधारहरू भोलि नवरात्रिको पहिलो दिनदेखि लागू हुनेछन्। आज साँझ राष्ट्रलाई सम्बोधन गर्दै श्री मोदीले GST बचत उत्सव भोलिदेखि सुरु हुने र मानिसहरूले आफ्नो रोजाइको सामान कम मूल्यमा किन्न सक्ने बताउनुभयो। उहाँले यी सुधारहरूसँगै राष्ट्रको विकासको कथा परिवर्तन हुने उल्लेख गर्दै युवा, नवमध्यम वर्ग, किसान, महिला र उद्यमीहरूले यस बचत उत्सवबाट धेरै लाभ उठाउने बताउनुभयो। प्रधानमन्त्रीले राष्ट्रको विकास यात्रामा प्रत्येक राज्य समान साझेदार हुने कुरामाथि प्रकाश पार्नुभयो। उहाँले अर्को पुस्ताको GST सुधारहरू, बचत उत्सव र नवरात्रिको लागि राष्ट्रलाई शुभकामना दिनुभएको छ।

## 2. Seva Parva

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रुपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। मोदी सरकारले UPI अर्थात् एकीकृत भुक्तानी प्रणालीमा क्रान्ति

ल्याइरहेको छ। आउनुहोस्, सेवा पर्व अन्तर्गत UPI ले डिजिटल भुक्तानीलाई कसरी सहज, सुरक्षित र सबैका लागि पहुँचयोग्य बनाएको छ,

3. Indra Hang Subba-Railway Connectivity/Desk

सांसद इन्द्र हाङ सुब्बाले सिक्किममा रेलवे सम्पर्कसुविधासँग सम्बन्धित प्रमुख मुद्दाहरूमा छलफल गर्न आज नयाँ दिल्लीमा रेलवे राज्यमन्त्री रवनीत सिंह बिट्टुसित संवाद गर्नुभयो। श्री सुब्बाले मन्त्रीलाई प्रस्तावित मल्ली-डेन्टाम रेलवे लिंकको अन्तिम स्थान सर्वेक्षण (FLS) बारे जानकारी गराउनुभयो, जुन श्री सुब्बाको अनुरोधमा केन्द्रीय रेलवे मन्त्री अश्विनी वैष्णवले मन्त्रालयबाट स्वीकृति दिलाउनुभएको थियो। श्री सुब्बाले यस क्षेत्रमा पहुँच सुधार गर्न र सामाजिक-आर्थिक विकासलाई बढावा दिन जतिसक्दो छिटो FLS को कार्य सम्पन्न गर्न श्री बिट्टुको हस्तक्षेपको अनुरोध गर्नुभयो। भेटका क्रममा श्री सुब्बाले  मन्त्रीलाई सेभोक-रम्फु रेलवे लाइनको प्रगतिको बारेमा जानकारी गराउनुभयो। साथै रम्फुमा सिक्किमको पहिलो रेलवे स्टेशनबारे छलफल गर्नुभयो। श्री सुब्बाले स्टेशनको डिजाइनले सिक्किमको संस्कृति, परम्परा र लोकाचार प्रतिबिम्बित गर्ने कुरा सुनिश्चित गर्न सानातिना परिमार्जनहरू समावेश गर्न अनुरोध गर्नुभयो।

4. Sonam Lama – Kiren Rijuju- Facebook

सिक्किम सरकारका धर्म विभाग मन्त्री सोनाम लामाले संसदीय तथा अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजु र बिहारका मुख्यमन्त्री नितिश कुमारलाई बोधगया मन्दिर ऐन, १९४९ (बिहार ऐन १७, १९४९) मा आवश्यक संशोधनको लागि पत्राचार गर्नुभएको छ। श्री लामाले बिहारका मुख्यमन्त्रीलाई लेखेको पत्रमा केन्द्रीय बौद्ध स्थलको रूपमा बोधगयाको महत्त्वमाथि प्रकाश पार्दै पवित्र तीर्थस्थलको व्यवस्थापनमा बौद्ध

समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्न संशोधनको लागि अपील गर्नुभएको हो। उहाँले वर्तमान प्रावधानमा बौद्ध सम्पदाको भूमिकालाई ओझेलमा पारेको उल्लेख गर्दै प्राचीन बौद्ध सम्पदा र परम्पराहरूको जगेर्ना गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। सिक्किमेली बौद्ध समुदायको तर्फबाट मन्त्रीले बोधगया र अन्य बौद्ध सम्पदा स्थलहरूको संरक्षणमा प्रभावकारी हस्तक्षेप र सहयोगको लागि बिहार सरकारलाई विनम्रतापूर्वक आग्रह गर्नुभएको छ। मन्त्री सोनम लामाले बिहार सरकारको नेतृत्व र केन्द्रीय मन्त्रालयको हस्तक्षेपले बोधगयालाई ज्ञानको भूमि र आगामी पुस्ताहरूका लागि बौद्ध सम्पदाको रूपमा संरक्षित गरिरहने विश्वास व्यक्त गर्नुभयो।

## 5. NADDA-ALZHEIMER'S DAY-NSD

आज विश्व अल्जाइमर दिवस हो। अल्जाइमर र डिमेन्सियाको बारेमा जागरूकता फैलाउन यो दिवस प्रत्येक वर्ष मनाइने गरिन्छ। सामाजिक सञ्जालको एक पोस्टमा केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले यस रोगको राम्रो समाधान खोज्न निरन्तर अनुसन्धानको आवश्यकतामा जोड दिनुभयो। उहाँले यस रोगबाट पीडितहरूप्रति समानुभूति राखेर बिरामीहरूको जीवनको गुणस्तर सुधार गर्न सकिने बताउनुभयो।

समाचार पूरा भयो